२०७१ श्रावण १६ शुक्रबार ०१-०८-२०१४ ओम् शान्ति प्रातः मुरली "बापदादा" मधुबन

"मीठे बच्चे– तिमी यहाँ पढाइ पढ्नको लागि आएका छौ, तिमीले आँखा बन्द गर्नु आवश्यक छैन, पढाइ आँखा खोलेर पढिन्छ ।"

प्रश्नः– भक्तिमार्गमा कुनचाहिँ बानी भक्तहरूमा हुन्छ जुन अब तिमी बच्चाहरूमा हुनु हुँदैन ?

उत्तरः– भक्तिमा कुनै पनि देवताको मूर्तिको अगाडि गएर केही न केही मागिरहन्छन् । उनीहरूमा माग्ने नै बानी हुन्छ । लक्ष्मीको अगाडि गए भने धन माग्छन्, तर मिल्न चाहिँ केही पनि मिल्दैन । अब तिमी बच्चाहरूमा यो बानी छैन, तिमी त बाबाको वर्साको अधिकारी हौ । तिमी सच्चा विचित्र बाबालाई हेरिराख, यसमा नै तिम्रो सच्चा कमाइ छ ।

ओम् शान्ति । रूहानी बाबा बसेर रूहानी बच्चाहरूलाई सम्झाउनुहुन्छ– यो पाठशाला हो । तर यहाँ कुनै चित्र अर्थात् देहधारीलाई देख्नु छैन । यहाँ देख्दा पनि बुद्धि उहाँ तर्फ जानुपर्छ जसको कुनै चित्र छैन । स्कुलमा बच्चाहरूको ध्यान (अटेन्शन) सदैव टीचरमा रहन्छ किनकि वहाँले पढाउनुहुन्छ, त्यसैले अवश्य वहाँले भनेको सुन्नु छ फेरि प्रतिक्रिया (रेसपोन्ड) जनाउनु छ । टीचरले प्रश्न सोध्दा इशारा गर्नेछन्– मैले भन्छु भनेर । यहाँ यो हो विचित्र स्कूल किनकि विचित्र पढाइ छ, जसको कुनै चित्र छैन । पढाइमा आँखा खोलेर बस्नुपर्छ नि । स्कूलमा टीचरको सामुन्ने कहिल्यै आँखा बन्द गरेर बस्छन् र ! भक्तिमार्गमा आँखा बन्द गरेर माला जप्नु आदिमा रमाएका छन्... साधुहरू पनि आँखा बन्द गरेर बस्छन् । उनीहरू त स्त्रीलाई हेर्दा पनि हेर्दैनन्– कहीँ मन चलायमान नहोस् । तर आजकाल तमोप्रधान जमाना छ । बाबा तिमी बच्चाहरूलाई सम्झाउनुहुन्छ– यहाँ तिमीले देख्न त शरीरलाई देख्छौ तर बुद्धि उहाँ विचित्रलाई याद गर्नमा रहन्छ । यस्ता कुनै साधु सन्त छैनन् होला जसले शरीरलाई देख्दा पनि याद उहाँ विचित्रलाई गरून् । तिमी जान्दछौ– यस रथद्वारा उहाँ बाबाले हामीलाई पढाउनुहुन्छ । उहाँ भन्नुहुन्छ– आत्माले नै सबै थोक गर्छ, शरीरले त केही पनि गर्दैन । आत्माले सुन्छ । रूहानी ज्ञान वा जिस्मानी ज्ञान सुन्छ सुनाउँछ आत्माले नै । आत्मा जिस्मानी टीचर बन्छ । शरीरद्वारा जिस्मानी पढाइ पढ्छ, त्यो पनि आत्माले नै पढ्छ । संस्कार राम्रो वा नराम्रो आत्माले नै धारण गर्छ । शरीर त खरानी (राख) हुनेछ । यो पनि कुनै मनुष्यले जान्दैनन् । उनीहरूलाई देह-अभिमान रहन्छ– म फलाना हुँ, म प्रधानमन्त्री (प्राइम मिनिस्टर) हुँ । यस्तो भन्दैनन्, म आत्माले यो प्रधानमन्त्रीको शरीर लिएको छु । यो पनि तिमी बुझ्दछौ । सबै थोक आत्माले नै गर्छ । आत्मा अविनाशी छ, शरीर मात्र यहाँ पार्ट बजाउनको लागि मिलेको छ । यसमा यदि आत्मा नभएको भए शरीरले केही गर्न सक्दैन । आत्मा शरीरबाट निस्कियो भने मुढो समान हुन्छ । आत्मालाई यी आँखाबाट देख्न सकिदैन । त्यो त सूक्ष्म छ नि । त्यसैले बाबा भन्नुहुन्छ– बुद्धिले बाबालाई याद गर । तिम्रो पनि बुद्धिमा छ– हामीलाई शिवबाबा पढाउनुहुन्छ, यिनीद्वारा । यो पनि सूक्ष्म बुझ्नुपर्ने कुरा छ । कतिले त राम्रोसँग बुझ्छन्, कतिले त केही पनि बुझ्दैनन्, हो पनि केवल अल्फ मतलब भगवान् बाबा । केवल भगवान् वा ईश्वर भन्नाले त्यो पिताको सम्बन्ध रहँदैन । यस समय सबै पत्थरबुद्धि छन् किनकि रचयिता बाबा र रचनाको आदि-मध्य-अन्तलाई जान्दैनन् । यो संसारको इतिहास-भूगोल दोहोरिरहन्छ । अहिले संगमयुग छ, यो कसैलाई थाहा छैन । तिमी बुझ्दछौ, पहिले हामी पनि जान्दैनथ्यौं । बाबा अहिले तिमीलाई यहाँ ज्ञानले शृङ्गार्नुहुन्छ फेरि यहाँबाट बाहिर गएपछि मायाले धुलोमा लडाएर ज्ञान शृङ्गार बिगारिदिन्छ । बाबाले शृङ्गार त गर्नुहुन्छ । तर आफूले पुरुषार्थ पनि गर्नुपर्छ । कति बच्चाहरू मुखले यस्तो बोल्छन् जस्तो जंगली, मानौं शृङ्गार भएकै छैन, सबै भुल्छन् । लास्टमा जो विद्यार्थी बसिरहन्छन्, उनीहरूको पढाइमा यति दिल लाग्दैन । हो, कारखाना आदिमा नोकरी गरेर साहूकार बन्लान् । पढेको केही छैन, यो त धेरै उच्च पढाइ हो । पढाइ बिना त भविष्यमा पद मिल्न सक्दैन । यहाँ तिमीले कारखाना आदिमा बसेर कुनै काम गर्नु छैन, जसबाट धनवान् बन्नु छ । यो त सबै थोक खलास हुनु छ । साथमा चल्नेछ केवल अविनाशी कमाई । तिमीलाई थाहा छ, कोही मऱ्यो भने

खाली हात जान्छन् । साथमा केही पनि लैजादैनन् । तिम्रो हात भरिएर जानेछ, यसलाई भनिन्छ सच्चा कमाई । तिम्रो यो सच्चा कमाई हुन्छ २१ जन्मको लागि । बेहदका बाबाले नै सच्चा कमाई गराउनुहुन्छ ।

तिमी बच्चाहरूले देख्छौ यस चित्रलाई तर याद गर्छौ विचित्र बाबालाई किनकि तिमी पनि आत्मा हौ । त्यसैले आत्माले आफ्ना बाबालाई नै देख्छ । उहाँसँग पढ्छ । आत्मालाई र परमात्मालाई तिमी देख्दैनौ, तर बुद्धिले जान्दछौ । हामी आत्मा अविनाशी हौं । यो शरीर विनाशी छ । यिनी बाबा पनि ठीक छ, सामुन्ने तिमी बच्चाहरूलाई देख्छन् तर बुद्धिमा छ– आत्माहरूलाई सम्झाउँछु । अहिले बाबा तिमी बच्चाहरूलाई जे सिकाउनुहुन्छ त्यो सत्य नै सत्य छ, यसमा झुटोको रत्ती छैन । तिमी सचखण्डको मालिक बन्छौ । यो हो झूटखण्ड । झूट खण्ड हो कलियुग, सच खण्ड हो सत्ययुग–रात-दिनको फरक छ । सत्ययुगमा दुःखको कुरै हुँदैन । नाम नै छ सुखधाम । त्यस सुखधामको मालिक त बेहदको बाबाले नै बनाउनुहुन्छ । उहाँको कुनै चित्र छैन, अरू सबैको चित्र छ । उहाँको आत्माको नाम फेरिन्छ र ? उहाँको नाम नै हो शिव । अरू सबैलाई आत्मै आत्मा भनिन्छ । बाँकी शरीरको नाम रहन जान्छ । शिवलिङ्ग हो निराकार । ज्ञानका सागर, शान्तिका सागर... यो शिवको महिमा हो । उहाँ पिता पनि हुनुहुन्छ । त्यसैले पिताबाट अवश्य वर्सा मिल्नुपर्छ । रचनालाई रचनाबाट वर्सा मिल्दैन । वर्सा रचयिताले दिनेछन् आफ्ना बच्चाहरूलाई । आफ्नो बच्चा हुँदाहुँदै भाइको बच्चाहरूलाई वर्सा कहाँ दिन्छन् र ! उहाँ पनि बेहदका पिता आफ्ना बेहदका बच्चाहरूलाई वर्सा दिनुहुन्छ, यो पढाइ हो नि । जसरी पढाइबाट मनुष्य वकिल (ब्यारिस्टर) आदि बन्छन् । पढाउने वालासँग र पढाईसँग योग रहन्छ । यहाँ त पढाउनेवाला हुनुहुन्छ विचित्र । तिमी आत्माहरू पनि विचित्र हौ । बाबा भन्नुहुन्छ– मैले आत्माहरूलाई पढाउँछु । तिमी पनि सम्झ हामीलाई बाबा पढाउनुहुन्छ । एक पटक नै बाबा आएर पढाउनुहुन्छ । पढ्ने त आत्माले हो नि । दुःख-सुख आत्माले भोग्छ, तर शरीरद्वारा । आत्मा निस्केपछि फेरि शरीरलाई जति नै पिट, माटोलाई पिटे जस्तै हो । त्यसैले बाबा घरी-घरी सम्झाउनुहुन्छ आफूलाई आत्मा सम्झिएर बाबालाई याद गर । यो त बाबा जान्नुहुन्छ– नम्बरवार धारणा गर्छन् । कति त एकदम बुद्धू जस्तै छन्, केही पनि बुझ्दैनन् । ज्ञान त धेरै सजिलो छ । अन्धा, लुलो, लङ्गडाले पनि बुझ्न सक्छ किनकि यो त आत्मालाई सम्झाइन्छ नि । आत्मा लुलो लङ्गडो हुँदैन । शरीर हुन्छ । बाबा कति राम्रोसँग बसेर सम्झाउनुहुन्छ, तर भक्तिमार्गको बानी आँखा बन्द गरेर बस्ने परेको छ । त्यसैले यहाँ पनि आँखा बन्द गरेर बस्छन् । मानौं नशा लागेका व्यक्तिहरू हुन्छन् । बाबा भन्नुहुन्छ– आँखा बन्द नगर । सामुन्ने देख्दा पनि बुद्धिले बाबालाई याद गर तब नै विकर्म विनाश हुनेछ । कति सहज छ, फेरि पनि भन्छन्– बाबा हामी याद गर्न सक्दैनौं । हरे, लौकिक बुवा जसबाट हदको वर्सा मिल्छ, उहाँलाई त मर्ने बेलासम्म पनि याद गर्छन्, उहाँ त सबै आत्माहरूको बेहदका पिता हुनुहुन्छ, उहाँलाई तिमी याद गर्न सक्दैनौ । जुन पितालाई बोलाउँछन् पनि– हे परमपिता, मलाई मार्ग देखाउनुहोस् । वास्तवमा यो भन्नु पनि गलत हो । बाबा केवल एकको त गाइड हुनुहुन्न । उहाँ त बेहदका गाइड हुनुहुन्छ । एकलाई मात्र कहाँ मुक्त गर्नुहुन्छ । बाबा भन्नुहुन्छ– म आएर सबैको सद्गति गर्छु । म आएको नै हुँ सबैलाई शान्तिधाम पठाउन । यहाँ माग्नुपर्ने आवश्यक छैन । बेहदका बाबा हुनुहुन्छ नि । उनीहरू त हदमा आएर मलाई-मलाई भनिरहन्छन् । हे परमात्मा मलाई सुख दिनुहोस्, दुःख मेटाउनुहोस् । हामी पापी नीच हौं, हजुरले दया गर्नुहोस् । बाबा भन्नुहुन्छ– म बेहदको पुरानो सृष्टिलाई नयाँ बनाउन आएको छु । नयाँ सृष्टिमा देवताहरू रहन्छन्, म हरेक ५ हजार वर्षपछि आउँछु । जब तिमी पूरै पतित बन्छौ । यो हो नै आसुरी सम्प्रदाय । सतगुरु त एक नै हुनुहुन्छ सत्य बोल्नेवाला । उहाँ नै पिता पनि हुनुहुन्छ, टीचर पनि हुनुहुन्छ, सतगुरु पनि हुनुहुन्छ । बाबा भन्नुहुन्छ– यी माताहरू नै स्वर्गको द्वार खोल्नेवाला हुन् । लेखिएको पनि छ– स्वर्ग जाने द्वार (*गेट वे टू हेविन*) । तर यो पनि मनुष्यले कहाँ बुझ्न सक्छन् र ! नर्कमा परेका छन् नि, तब त बोलाउँछन् । अब बाबा तिमीलाई स्वर्गमा जाने मार्ग बताउनुहुन्छ । बाबा भन्नुहुन्छ– म आउँछु नै पतितहरूलाई पावन बनाउन र फर्काएर लैजान । अब आफूलाई आत्मा सम्झिएर बाबालाई याद गऱ्यौ भने तिम्रो पाप काटिन्छ । सबैलाई एउटै कुरा सुनाऊ– बाबा भन्नुहुन्छ– मायाजित जगतजित बन । म तिमीहरू सबैलाई जगतको मालिक बनाउने मार्ग बताउँछु, फेरि दीपावलीमा लक्ष्मीको पूजा

गर्छन्, उनीसँग धन माग्छन्, यस्तो भन्दैनन्– स्वास्थ्य राम्रो गराइदेऊ, आयु लामो गराइदेऊ । तिमी त बाबासँग वर्सा लिन्छौ । आयु कति लामो हुन जान्छ । अहिले हेल्थ, वेल्थ, ह्यापीनेस (स्वास्थ्य, सम्पत्ती, खुशी) सबै दिनुहुन्छ । उनीहरू त लक्ष्मीसँग केवल कौडी (धन) माग्छन्, त्यो पनि कहाँ मिल्छ र ! यो एउटा बानी परेको छ । देवताहरूको अगाडि जान्छन् भिख माग्न । यहाँ त तिमीले बाबासँग केही पनि माग्नु छैन । तिमीलाई त बाबा भन्नुहुन्छ– मामेकम् याद गऱ्यौ भने मालिक बन्नेछौ र सृष्टि चक्रलाई जानेपछि चक्रवर्ती राजा बन्नेछौ । दैवी गुण पनि धारण गर्नु छ, यसमा केही पनि बोल्नुपर्ने आवश्यकता रहँदैन । जबकि बाबाबाट स्वर्गको वर्सा मिल्छ । अहिले तिमी यिनीहरूको पूजा गर्छौ र ! तिमी जान्दछौ– हामी स्वयम् नै यस्तो बन्छौं फेरि यी ५ तत्त्वहरूको के पूजा गर्थ्यौं । हामीलाई विश्वको बादशाही मिल्छ भने यो किन गर्छौं । अहिले तिमी मन्दिर आदिमा जादैनौ । बाबा भन्नुहुन्छ– यो सबै भक्तिमार्गको सामग्री हो । ज्ञानमा त केवल एक अक्षर छ– मामेकम् याद गर । यादले तिम्रो पाप काटिनेछ, सतोप्रधान बन्नेछौ । तिमी नै सर्वगुण सम्पन्न थियौ फेरि बन्नुपर्छ । यो पनि बुझ्दैनन् । पत्थर बुद्धिहरूसँग बाबाले कति मेहनत गर्नुपर्छ । यो निश्चय हुनुपर्छ । यी कुराहरू कुनै पनि साधु सन्त आदिले बताउन सक्दैन, एक बाबा सिवाय । यिनी कुनै ईश्वर कहाँ हुन् र । यिनी त धेरै जन्महरूको अन्तमा छन् । म प्रवेश नै उनमा गर्छु, जसले पूरै ८४ जन्म लिएका छन्, गाउँलेका छोरा थिए फेरि श्याम सुन्दर बन्छन् । यिनी त पूरै गाउँलेका छोरा थिए । फेरि जब केही साधारण बने, तब बाबाले प्रवेश गर्नुभयो किनकि यति ठूलो भट्ठी बन्नु थियो । यिनीहरूलाई खुवाउँछ कसले ? त्यसैले अवश्य साधारण पनि चाहियो नि । यो सबै बुझ्ने कुरा हो । बाबा स्वयम् भन्नुहुन्छ– म यिनको धेरै जन्मको अन्तमा प्रवेश गर्छु जो सबैभन्दा पतित बनेका छन्, फेरि पावन पनि उनै बन्नेछन् । ८४ जन्म यिनले लिएका छन्, ततत्वम् । एउटा मात्र होइन, धेरै छन् नि । सूर्यवंशी-चन्द्रवंशी बन्नेवालाहरू नै यहाँ आउँछन् नम्बरवार पुरुषार्थ अनुसार । बाँकी टिक्न सक्दैनन् । ढिलो आउनेहरूले ज्ञान पनि थोरै सुन्नेछन् । फेरि वहाँ पनि ढिलै आउनेछन् । अच्छा !

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको यादप्यार एवं गुडमर्निङ्ग । रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते । *रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते ।*

धारणाको लागि मुख्य सारः–

१) बाबाले जुन ज्ञान शृङ्गार गर्नुहुन्छ, त्यसलाई कायम राख्ने पुरुषार्थ गर्नु छ । मायाको धुलोले ज्ञान शृङ्गार बिगार्नु छैन । पढाइ राम्रोसग पढेर अविनाशी कमाई गर्नु छ ।

२) यस चित्र अर्थात् देहधारीलाई सामुन्ने देख्दा देख्दै बुद्धिले विचित्र बाबालाई याद गर्नु छ । आँखा बन्द गरेर बस्ने बानी गर्नु छैन । बेहदका बाबासँग केही पनि माग्नु छैन ।

वरदानः– समयको महत्त्वलाई जानेर फास्ट सो फस्ट आउनेवाला तीव्र गतिको पुरुषार्थी भव

अव्यक्त पार्टमा आएका आत्माहरूलाई लास्ट सो फास्ट, फास्ट सो फस्ट आउने वरदान प्राप्त छ । त्यसैले समयको महत्त्वलाई जानेर प्राप्त भएको वरदानलाई स्वरूपमा ल्याऊ । यो अव्यक्त पालनाले सहजै शक्तिशाली बनाउनेवाला छ । त्यसैले जति अगाडि बढ्न चाहन्छौ, बढ्न सक्छौ । बापदादा र निमित्त आत्माहरूको सबैप्रति सधै अगाडि बढ्नको लागि शुभभावना हुनाको कारण तीव्र गतिको पुरुषार्थको भाग्य सहज मिलेको छ ।

स्लोगनः– "निराकार सो साकार" को महामन्त्रको स्मृतिद्वारा निरन्तर योगी बन ।

✺ शब्दार्थः– लास्ट सो फास्टः– अन्तिममा आएर पनि छिटो अगाडि बढ्ने वा दौडिने ।

फास्ट सो फस्टः– छिटो अगाडि बढ्ने वा दौडिने नै पहिलो हुन्छ ।